नयाँ दिल्लीमा श्रम बजार, सांस्कृतिक राजनीति, र नेपाली घरेलु महिला कामदार

चूडामणि बस्नेत

भारतको नयाँ दिल्ली स्थित एक गरिब बस्तीमा गरिएको अध्ययनमा नेपाली घरेलु महिला कामदारले उनीहरूका भारतीय समकक्षी भन्दा बढी तलव र सुबिधा पाउने गरेको देखिन्छ । उस्तै काम र सीपका लागि रोजगारदाताले बढि मूल्य तिर्नु बजार अर्थशास्त्रको सिद्धान्त विपरित जस्तो देखिन्छ । अर्कोतिर, विभिन्न अध्ययनले आप्रबासी कामदारको अवस्था स्थानीय कामदारको भन्दा खराब हुने देखाएका छन् । तर यो अध्ययनको निष्कर्ष फरक छ । स्थानीय रोजगारदाता र घरेलु महिला कामदारसँगको यो अध्ययनले भारतीय रोजगारदाता र नेपाली महिला कामदार धर्म र जातको सांस्कृतिक राजनीति गर्छन् भन्ने देखाउँछ । यस्तो राजनीतिले नेपाली कामदारलाई श्रम बजारमा उनीहरूका समकक्षी भारतीय कामदारभन्दा बढि आर्थिक सुबिधा दिलाउँछ । तर यो थप आर्थिक सुबिधा पाए बापत नेपाली महिला कामदारहरुले रोजगारदाताबाट बढि हेपिनु पर्ने हुन्छ, किनभने आप्रबासीको कमजोर अधिकार, राज्यका औपचारिक संस्थाहरूमा कमजोर पहुँच, भाषिक कमजोरीको संरचनागत समस्या उनीहरुले भोग्नु पर्ने हुन्छ र काम गर्नैपर्ने आर्थिक बाध्यता तथा पुरूष-प्रधान पारिवारीक संरचना त छँदैछ । न त उनीहरूले पाएको थप सुबिधा नव-उदारवादी आर्थिक संरचनामा फेरबदल ल्याउन नै काफी छ।